'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ | अंक : ४३ | सोमवार २१ असोज, २०८१ | 07 (Monday) October 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### प्रगतिशील व्यवसायीक समूहका प्रतिबद्धता

## व्यवसाय प्रवर्धन देखि कृषि हाटबजार सञ्चालन सम्म

■ भीम रावत

कोहलपुर, असोज/२०

आगामी कार्तिक ३ गते सम्पन्न हुन गैरहेको कोहलपुर उद्योग वाणिज्य संघको निर्वाचनमा प्रगतिशील व्यावसायीक समूहले आफ्ना प्रतिवद्धताहरु ब्यापारीहरु माँझ पुऱ्याएको छ। प्रगतिशील व्यवसायीक समूह र लोकतान्त्रिक समावेशी व्यावसायीक समूह बिच चुनावी प्रतिष्पर्धा हुदैछ। दुवै समूह यतिबेला ब्यापारीहरु सँग मत माग्दै घरदैलो गरिरहेका छन्। लोकतान्त्रिक समूहको नेतृत्व प्रदीप भट्टराईले गरिरहेका छन्। प्रगतिशील व्यवसायी व्यवसायिक समुहको नेतृत्व अन्जना धितालले गरिरहेकी छन्। दुबैले आ-आफ्ना समूहका प्रतिवद्धताहरु समेत सार्वजनिक गरेका छन्। कोहलपुर उद्योग बाणिज्य संघको पहलकदमीमा 'म मेरै शहरमा खरिदविक्री गर्छु, शहरको बजार प्रवर्द्धनमा योगदान गर्नेछु'' भन्ने अभियान चलाउने धितालको प्रतिवद्धता छ। कोहलपुर नगरपालिकाको




फोहोरलाई मोहोर बनाउन नगर सरकारको समन्वयमा स्वच्छ स्वस्थ नगरपालिका बनाउन काम गर्ने उनको प्रतिबद्धता छ। संघको मूल नेतृत्व महिला इतिहासका रुपमा दर्ज भए महिला सशक्तिकरणका लागि वडा वडामा महिला व्यापारी व्यवसायीहरु उत्साही हुने र महिलाहरुलई उत्पादनका लागि प्रोत्साहन गर्न स्वरोजगारमूलक तालिमहरु सञ्चालन गरिनेछ। संघको पहलकदमीमा शुरु भएको एनटिभि रोडमा रहेको कृषि हाटबजार अविलम्ब संचालनमा ल्याउने उक्त समुहको प्रतिबद्धतामा उल्लेख छ। होटल व्यवसायीलाई पर्वद्धन गर्न रात्रीकालिन बजार, सडक प्रदर्शनी र खेलकूद तथा संघ संस्थाका कार्यक्रमहरु कोहलपुरमा गर्न गराउन पहल गरिनेछ। भन्सारलाई सुदृढ बनाई कर छलीलाई निरुत्साहित गर्न सम्बन्धित निकाय सँग समन्वय गरिने उल्लेख छ। उद्योगी, व्यापारीलाई व्यवसाय वृद्धि गर्न वा बैंक र व्यापार व्यवसायी विचको सम्बन्ध समयसापेक्षिक बनाउन अन्तरक्रिया, छलफलका कार्यक्रमहरु सञ्चालन गरिनेछ। नगरपालिकालाई हरित नगर पालिकाका रुपमा अघि बढाउन बृक्षारोपण कार्यक्रमलाई व्यापक पारिनेछ। घरभाडा लाई समयसापेक्षिक बनाउन घरधनी भाडाबहालहरु बिच समन्वयका पहलकदमी गरिने जनाइएको छ। प्रगतिशील समूहकी अध्यक्ष धितालको दावी छ, 'कोहलपुरका व्यवसायीहरु यसपटकको भोट महिला नेतृत्वलाई भन्ने गरेको सुनिन्छ, यो मुल्याङकन सही पनि हो'। हुन पनि २०५५ सालमा स्थापित कोहलपुर उद्योग वाणिज्य संघले अहिलेसम्म महिलाको नेतृत्व गरेका छैनन। अधिकास मतदाताले यसपटक महिलालाई संघको नेतृत्वमा पठाउने प्रतिबद्धता जनाएको संघका संस्थापक अध्यक्ष कर्ण बहादुर थापाले बताए। महिलाको नेतृत्व पुरुषको तुलनामा आर्थिक पारदर्शिता र इमानदार हुने मतदाताको बुझाई छ। कोहलपुर ११ का व्यवसायी ठाकुर गिरीले भने, -'अन्जना जि को नेतृत्वमा रहेको टिमप्रति व्यवसायी आशावादी छन'। 'व्यवसायिक संरक्षण र अधिकार को सुनिश्चितता" भन्ने मुख्य नारा सहित प्रगतिशील व्यवसायी समुह अहिले घरदैलो अभियानमा व्यस्त छन्। बाँकी ३ पेजमा...










नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903






**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## सर्वोच्च अदालतमा नयाँ प्रधान न्यायाधीस


सर्वोच्च अदालतमा ३२ औं प्रधानन्यायाधीशको रूपमा प्रकाशमान सिंह राउतले आइतबार शपथ खाएर कार्याभार संहालेका छन् । राष्ट्रपति भवनमा शितल निवासमा आइतबार दिउँसो प्रधानन्यायाधीशको शपथ सम्पन्न भएको थियो । नेपालको न्यायालय क्षेत्रमा सुधार गर्नु पर्ने चारै तिरबाट आवाज उठिरहेको बेला नयाँ प्रधान न्यायाधीसले न्याय क्षेत्रको सर्वोच्च पद संहालेका छन् । नेपालको न्यायालयबाट समय मै मुद्दाको छिनोफानो नहुँदा पीडितले न्याय पाएको अनुभूती गर्न सकिरहेका छैनन् । नयाँ प्रधान न्यायाधीस आए पछि नेपालको न्याय निरुपन र न्याय प्रशासनमा सुधार हुने धेरैले अपेक्षा पनि गरेका छन् । निवर्तमान प्रधान न्यायाधीसले राजनीतिक र राजनीतिक नेतृत्व सँग जोडिएका प्राय सबै मुद्दाहरुलाई बरु म्याद सारिरहे तर कुनै पनि निर्णय गरेनन् । सायद उनले आफू जाने बेलामा किन कसैको नराम्रो हुने भन्ने मनसायले काम गरेको हुन पनि सक्छ । कतिपय मुद्दाहरु छिटो छिटो फैसला पनि गराए । तर संवैधानिक इजलासमा पेस हुने नयौं मुद्दाहरुको पेशी सारीरहै । नयाँ प्रधान न्यायधीसले कम्तिमा यस्तो परम्परालाई त्याक्ने छन् र राजनीतिक नेतृत्व सँग जोडिएको त्यस्ता मुद्दाहरुलाई झन छिटो फैसला गरेर किनारा लगाउने अपेक्षा न्याय क्षेबाटै गर्रिको छ।

# सेवक जनता, 'शोषक सरकार



**ध्रुव नेपाल**

विनिता अर्याल, एक समाजसेवी । कसैले आफू समाजसेवी हुँ भन्दैमा अहिले देशमा साँच्चै यो मानिस समाजसेवी नै होला भन्न सकिने अवस्था रहन्न तर विनिता अर्याललाई भने समाजसेवी भनेमा अतिशयोक्ति हुने छैन किनकि उनी हालै २०८० सालको रामबाब-ज्ञानु समाजसेवी पुरस्कारबाट सम्मानित भएकी छन् । साथै उनी संस्थापक अध्यक्ष रहेको संस्था 'हाम्रो बाल संरक्षण धरोहर, नेपाल' रु. एक लाख राशिबाट पुरस्कृत पनि भएको छ । उनीसँगै नेपालगन्जको नीलसागर सेवाश्रम र यसकी अध्यक्ष सरिता खनाल, इटहरीको मायाघर नेपाल र अध्यक्ष सुभद्रा प्याकुरेल तथा गोकर्णेश्वर नगरपालिकामा रहेको अपाङ्ग पुनर्स्थापना केन्द्र उदयबहादुर लिम्बू पनि पुरस्कृत भएका थिए । यो पुरस्कार कोषको छनोट प्रक्रियामा विभिन्न कोणबाट छानबिन गरेर र स्थलगत निरीक्षणसमेत समावेश हुने हुँदा देखावटी संस्था र व्यक्ति पुरस्कृत हुने गरेका छैनन् । समाजसेवी शब्द अचेल अलि सस्तो हुन गएको छ । सस्तो यसकारणले कि समाजसेवी हुन चाहिने सामान्य चरित्र पनि नबोकेकाले समेत आफूलाई 'समाजसेवी हुँ' भन्छन् । राजनीति गर्नेले कुनै पहिचानयुक्त पद नपाएको अवस्थामा आफूलाई समाजसेवी भन्ने, बेरोजगार व्यक्तिले बेरोजगार भन्न लाज लागेर आफ्नो परिचय दिँदा समाजसेवी भनेर परिचय दिने अनि कसैले आफ्नो पद अरूको अगाडि भन्न फूर्ती नआउनेखालको भयो भने पनि समाजसेवी हुँ भनी चिनाउने गरेका भेटिने गरेकाले अलि बढी नै दुरूपयोग हुने गरेको शब्द पनि हो समाजसेवी । मानिस समाजमा बस्छ, त्यसकारण उसले गरेका क्रियाकलापले समाजलाई केही न केही असर त परेकै हुन्छ, अनि ऊ दाबी गर्छ-म समाजसेवी हुँ । यति गरे वा भए मात्र समाजसेवी हुँ भन्न पाइन्छ भन्ने मापदण्ड छैन, त्यसकारण नै हो यो शब्दको दुरुपयोग भएको । हुँदा-हुँदा कहिलेकाहीँ त यस्तो लाग्छ कि कसैले आफूलाई 'समाजसेवी हुँ' भनेमा यो मानिस लन्ठुराम रहेछ भनी बुझ्नुपर्ने हो कि? विनिता अर्याल देखावटी वा ढँटुवा समाजसेवी होइनन्, हुन् साँचो अर्थकी र उदाहरणीय, समाजले श्रद्धा गर्नुपर्ने समाजसेवी । किनकि उनी क्षमतावान थिइन्, एसएलसी दिएर झापाबाट २०६४ सालमा काठमाडौं आउँदा बस स्टपमा भेटिएकी एक निःसहाय बच्चीले सौतेनी आमाको असह्य दुर्व्यवहार र शारीरिक पीडा सहन नसकेर उनलाई 'मलाई पनि सँगै लैजानूस् दिदी !' भनेर गरेको याचनाले उनको मन छियाछिया भएछ । उनी ल्याउन तयार पनि थिइन् तर आफू नै सानी १५-१६ वर्षकी, त्यसमाथि अर्काको सन्तानलाई त्यसै बस स्टपमा भेटेको भरमा र त्यो पनि आफैँ नाबालिगले अर्को बच्चाले गरेको



चिरौरीका आधारमा लिएर जाँदा कानुनी र अन्य झन्झट आइलाग्ने सक्ने भनी अरूले डर देखाएकाले उनले ल्याउन सकिनछन् । ती बच्चीले रुँदै भनेकी थिइन् रे-'बसमा लान नमिल्ने भए म हिँडेर नै तपाईं बस्ने ठाउँमा आउँछु ।' ती बच्चीको जिउमा सौतेनी आमाले कुटेका नीलडाम र बलेको चुरोटले पोलेका घाउ र त्यसका खाटा थिए । उनी कोमल मनकी । ती बच्चीको अवस्था र एकछिन भेट्दा पनि उनीमाथि विश्वास गरेर उद्धारक बनिदिन गरेको कारुणिक अनुनयले उनको मन पोल्यो । ती बच्ची जस्ता निरीह, असहाय दुःखी बालबालिकाहरू त समाजमा अरू कति होलान् कति? तिनका लागि काम गर्ने अठोट उनमा आयो र २०६५ सालमा नै आमा र दिदीको सहयोगमा एक भाडाको घरमा बच्चाहरूलाई आश्रय दिइन् । यसरी अनौपचारिक रूपमा घरमा बालबालिकालाई आश्रय दिएर हुन्न भनेर उनले २०६८ सालमा 'हाम्रो बाल संरक्षण धरोहर, नेपाल' भन्ने संस्था औपचारिकरूपमा दर्ता गरी निःसहाय बालबालिकालाई अभिभावकत्व प्रदान गर्दै आइरहेकी छन् । उनले आमा बनेर बालबालिकालाई संरक्षण दिन थाल्दा उनी जम्मा १७-१८ वर्षकी थिइन् । २०६७ अघि नै बाबुआमा गुमाएर टुहुरा भएका बागलुङको पनि टाढाको भेग निसीखोलाका चार बालबालिका आफैं गएर लिएर आई आफ्नै घरमा राखी भाइबहिनीलाई झैं लालनपालन, शिक्षादीक्षा दिँदै थिइन् । यसरी मात्र भएन, यस्तै निःसहाय बालबालिका अरू पनि हुन्छन्, तिनलाई पनि अभिभावकत्वको खाँचो छ । त्यसपछि अझ बढी बालबालिकाहरू राख्न थालिन् । अहिले त यस संस्थाबाट ६० जना बालबालिकाले आश्रय, शिक्षादीक्षा पाइरहेका छन् । पुरस्कार तथा सम्मान अर्पण कार्यक्रममा (२९ भदौ २०८१) उनलाई आफ्नो विचार र अनुभव राख्ने अवसर दिँदा उनले भनेका केही कुरा बडो प्रशंसनीय र केही भित्रदेखि चिमोट्नेखाले थिए । उनी भन्दै थिइन् । 'संस्था दर्ता गर्ने, नवीकरण गर्ने बेलामा मात्र होइन, अनुगमनका लागि आउने सरकारी पक्षका मानिसको व्यवहार हामीप्रति सकारात्मक xG .

*-नागरिक दैनिक*

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
केशर बहादुर आले मगर (संस्थापक अध्यक्ष) एवम्
गोरखा युनाइटेड पब्लिक स्कुल
कोहलपुर-२, बाँके
समस्त परिवार

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दामोदर पौडेल (प्रिन्सिपल) एवम् लक्ष्मी सुवेदी (प्रवन्ध निर्देशक)
बाल ज्योति इ.मि. स्कुल
कोहलपुर-११, बाँके
समस्त परिवार

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोविन्द सुवेदी (प्रिन्सिपल) एवम् पदम बहादुर खड्का (अध्यक्ष)
बाल विद्या सेकेन्डरी स्कुल
कोहलपुर-६, बाँके
समस्त परिवार

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शंख प्रसाद न्यौपाने (प्रधानाध्यापक) कमला अधिकारी (अध्यक्ष सि.अ.स) झगु गिरी (अध्यक्ष वि.व्य.स) नारायण प्रसाद लम्साल (अध्यक्ष गुठी संचालक समिति)
"सार्वजनिक शैक्षिक गुठी"
कोहलपुर माध्यमिक विद्यालय
कोहलपुर-११, टाउनप्लानिङ्ग, बाँके
फोन नं. ०८१-५४१२९६, ९८४८५५९७३४, ९८५८०२१०२२, ९८५८०२४०६६, ९८४८१७७५७९

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
महेन्द्र शर्मा (प्रिन्सिपल) एवम्
एभरेष्ट सैनिक स्कुल
कोहलपुर-११, बाँके
समस्त परिवार

नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दिपावली तथा छठ पर्व-२०८१
सालको पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, बुद्धिजिवी तथा शिक्षाप्रेमीहरुमा सुख, शान्ती समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
जय बहादुर विष्ट (प्रिन्सिपल)
कृष्ण कुमार आचार्य (विव्यस अध्यक्ष)
लक्ष्मी माध्यमिक विद्यालय
कोहलपुर-२, बाँके
समस्त परिवार

# पहिरो पन्छाउन मात्रै बैसठ्ठी करोड खर्च

■ नमस्ते समचारदाता

कालिकोट, असोज/२०

कर्णाली राजमार्गमा गइरहने पहिरो पन्छाउन मात्रै गत दुई वर्षको अवधिमा ६२ करोड खर्च भएको छ । राजमार्गमा खसेको पहिरो पन्छाउन मात्र ६२ करोड खर्च भएको सरकारी तथ्याङ्क छ । यो खर्च गत दुई वर्षयताको हो । यसमा चालु आर्थिक वर्षको खर्च जोडिएको छैन । यो बर्खामा कति करोड रुपियाँ पहिरो पन्छाउनका लागि खर्च गरियो, त्यसको लगत हालसम्म अद्यावधिक गरिएको छैन । २०७९ सालको दसैँको बेला लगातार सात दिनसम्म भएको अविरल वर्षाले क्षतिग्रस्त कर्णाली राजमार्गको पहिरो पन्छाउन सरकारले सडक बोर्डमार्फत आकस्मिक सडक मर्मत सम्भारका लागि ६२ करोड ३६ लाख ८२ हजार रुपियाँ खर्च गरेको पाइएको छ । कालीकोटको दहीखोलाबाट जुम्लाको लाम्रासम्म पहिरोले क्षतिग्रस्त बनाएको सडक चौडा गर्न, नाली बनाउन र पर्खाल बनाउन आठ वटा ठेक्का लगाएको थियो तर ठेकेदार कम्पनीको ढिलाइका कारण गत वर्षको असार महिनामा मात्र काम सकियोरु। सडक अवरोध जस्तो तत्काल गरिहाल्नुपर्ने काम पनि ठेकेदारले समय घर्काएर गर्दासमेत भुक्तानी भएको पाइएको छरु। सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख चेतनकुमार मण्डलले गत वर्ष बनाएको सबै जसो सडक भत्किसकेको बताउनुभयो । उहाँले गगनेखोला, एसमोड, हुल्म, सेरीघाट, सुनारखोला, गल्ली, मोल्फा, पिली, चौखोला, खल्लागाड, राचुली लगायतका ठाउँमा सडकको अवस्था निकै बिग्रेको जानकारी दिनुभयो । मण्डलले भन्नुभयो, 'जुन जुन ठाउँमा सडक मर्मत गरियो, त्यही त्यही ठाउँमा अहिलेको वर्षाले झन् भयावहको स्थिति छ । बाटो बिग्रेर एउटा गाडी पनि मुस्किलले वारपार हुने गरेको छ । यही वर्ष मर्मत नगरे हिउँदमा गाडी चल्नै मुस्किल हुन्छ ।' झन्डै दुई करोड रुपियाँ खर्च भएको गगनेखोलाको ग्याबिन पर्खाल पूरै भत्किएको उहाँले बताउनुभयो । धेरै ठाउँमा पहिले आएकोभन्दा ठुलो पहिरो खसेको प्रमुख मण्डलको भनाइ छ ।

## व्यवसाय...

घरदैलो क्रममा अधिकाश मतदाता सकारात्मक रहेको महासचिवका उमेदवार दिपक अर्याल बताउछन । त्यस्तै लोकतान्त्रिक समावेशी व्यवसायी समूहले पनि आफ्नो प्रचारप्रसार तीव्र बनाएको छ । प्रदिप भट्टराई नेतृत्वमा रहेको सो समूहले प्रचार प्रसारको क्रममा आफ्नो पक्षमा स्थानीय व्यवसायीहरू उत्साहीत रहेको पाइएको जानकारी गराएको छ । भट्टराईले संघको नेतृत्वमा पुगेर व्यवसायीहरूका समस्या समाधान गर्ने, संघलाई थप सशक्त बनाउने र कोहलपुरको व्यापायीक विकासमा महत्वपूर्ण भूमिका खेल्ने प्रतिबद्धता जनाएका छन् । उनले भने, 'मैले कोहलपुर उद्योग वाणिज्य संघको अध्यक्ष पदमा उम्मेदवारी दिएको छु । मेरो उद्देश्य संघलाई व्यावसायी मैत्री बनाउनु हो । मैले व्यावसायीहरूका समस्यालाई नजिकबाट नियालेको छु र ती समस्या समाधान गर्नका लागि विभिन्न योजनाहरू समेत आफू सँग ल्याएको छु । मलाई विश्वास छ कि मेरो नेतृत्वमा संघले नयाँ उचाइ प्राप्त गर्नेछ' । भट्टराईले आफ्नो प्रचारप्रसार अभियानलाई प्रभावकारी बनाउन विभिन्न कार्यक्रमहरू आयोजना गरिरहेका छन् । उनले स्थानीय व्यवसायीहरूसँग भेटघाट गर्ने, अन्तरक्रिया गर्ने र आफ्ना योजनाहरूबारे जानकारी गराउने गरेका छन् । साथै, उनले सामाजिक सञ्जाल लगायतका विभिन्न माध्यमबाट पनि आफ्नो प्रचारप्रसार गरिरहेका छन् । उनले आफ्नो लामो अनुभव र व्यवसायीक ज्ञानलाई संघको सेवामा समर्पित गर्ने प्रतिबद्धता समेत जनाएका छन् । आगामी कार्तिक ३ गते हुने निर्वाचनमा कोहलपुर उद्योग वाणिज्य संघमा कसले जित्ने हो भन्ने चासो सबैतिर छ । भट्टराईको व्यापक प्रचारप्रसार अभियानले उनको जितको सम्भावनालाई बलियो बनाएको छ केही ब्यापारीहरुले भट्टराईको पक्षमा सकारात्मक प्रतिक्रिया समेत दिएका छन् ।



















# पानीले धानबालीमा क्षति किसान चिन्तित्

नमस्ते समचारदाता
बाँके, असोज/२०

शनिबार राती एक्कासी परेको पानीका कारण बाँकेको राप्तीसोनारी गाउँपालिकामा किसानहरुले काटेर खेतमा रहेको धानबालीमा क्षति पुऱ्याएको छ । यसअघि हावाहुरीले ढालेको धान काटेर भित्र्याउनेमा बेलामा पानीले क्षति पुऱ्याएपछि किसान चिन्तित बनेका छन् । काटेर भित्र्याउने बेलाको बाली कहिले हावाहुरीले कहिले वर्षाले क्षति गराइरहेको राप्तीसोनारी-३ की बजारी थारुले बताइन् । 'पानीले भिजेर धान खेतमा जमरा भैँ उम्रेको छ, अभै पानी आयो भने वर्षभरि खाने अन्न नष्ट हुन्छ", उनले भनिन् । करिब ६ कट्ठा जमिनमा लगाएको महेन्द्र ६ सय ६ जातको धान भिजेको बताउँदै थारुले अहिले घाम देखिन थालेकामा खुशी व्यक्त गरिन् । यस बाहेक गाउँका करिब ११ परिवारको धानबालीमा शनिबार देखिको पानीले क्षति पुऱ्याएको उनले जानकारी दिइन् ।



राप्तीसोनारीका किसान रणबहादुर थारुले आफ्नो सबै धानबालीमा पानीले क्षति पुगेको बताए । काटेर राखेको करिब १० कट्ठामा लगाएको बाली पानीले भिजाएको उल्लेख गर्दै उनले धान उम्रिने अवस्थामा पुगेको बताए । 'मौसम सफा भए बाली भित्र्याउन सकिने भन्दै उनले घाम नलागे सबै धान जमिनमै नष्ट हुने भनेर चिन्ता व्यक्त गरे । वर्षभरि खाने अन्न नष्ट भए के खाने ?', उनले प्रश्न गरे । राप्तीसोनारी-४ का वडाध्यक्ष मिनराज खड्काले अचानक परेको पानीका कारण काटेर राखिएका र ढलेका धानमा क्षति पुगेको बताए । खड्काले वडा कार्यालयबाट क्षतिको विवरण सङ्कलन गर्न लागिएको बताए ।










नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M(*$&@^()# OdhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके